प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# प्रादेशिक अस्पताल भद्रपुर
कोशी प्रदेश
भद्रपुर, झापा (नेपाल)
☎: ०२३- ५२३०२४

प.स.२०८३/८४
च.नं. 602

## सेवा करारमा दरखास्त आव्हान सम्बन्धि सूचना।

**सूचना प्रकाशित मिति २०८३/०७/१३**

यस प्रादेशिक अस्पताल भद्रपुरका लागी तपशिल बमोजिमको पदमा करार सेवामा जनशक्ति पदपुर्ती गर्नु पर्ने भएकाले न्युनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन (*मिति २०८३/०७/२७ सम्म*) भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशन गरिएको छ । दरखास्त आवेदन प्रशासन शाखा र कार्यालयको वेभसाइटमा समेत उपलब्ध हुनेछ ।

तपशिल

| क.स. | विज्ञापन नम्बर | पद | तह | सेवा/समुह | माग पद संख्या | दरखास्त दस्तुर (रु.) | सेवाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/२०८३-०८४ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | अधिकृतस्तर नवौं तह | स्वास्थ्य/रेडियोलोजी | १ (एक) | रु. १००० | समिति करार | |
| २. | २/२०८३-०८४ | स्टाफ नर्स | सहायकस्तर पाँचौ तह | स्वास्थ्य/नर्सिङ्ग | ६ (छ) | रु. ७०० | समिती करार- ५ जना कार्यक्रम करार- १ जना | |
| ३. | ३/२०८३-०८४ | अप्टिसियन सहायक/ अप्टिकल डिस्पेन्सर | सहायकस्तर पाँचौ तह | स्वास्थ्य/विविध | १ (एक) | रु. ७०० | समिति करार | |
| ४. | ४/२०८३-०८४ | कार्यालय सहयोगी वा सो सरह | श्रेणीविहिन | प्रशासन | ५ (पाँच) | रु. ५०० | रिक्त दरबन्दी करार | |

१.आवश्यक न्युनतम शैक्षिक योग्यता :
कन्सल्टेण्ट रेडियोलोजिष्ट पदको हकमा मान्यताप्राप्त शिक्षण संस्थाबाट रेडियोलोजी वा रेडियोडायग्नोसिसमा विशेषज्ञता हासिल गरि विशेषज्ञको रुपमा दर्ता भएको। स्टाफ नर्स पदको हकमा मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग बिषयमा प्रमाणपत्र तह उर्तीण गरेको र अप्टिसियन सहायक पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट ओफ्थाल्मिक साइन्समा प्रमाणपत्र तह उत्तीर्ण गरि क्रमशः NMC/NNC/NHPC मा दर्ता भएको हुनुपर्नेछ। कार्यालय सहयोगी पदको हकमा सामान्य लेखपढ गर्न सक्ने जिल्लास्तरीय कम्तिमा आठ कक्षा पास भएको हुनुपर्नेछ ।
२.उमेर हदः अधिकृतस्तर र सहायकस्तरको पदको हकमा :- १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
श्रेणीविहिनपदको पदको हकमा १८ बर्ष पुरा भई पुरुषको हकमा ३५ बर्ष र महिलाको हकमा ४० बर्ष उमेर ननाघेको
३.परीक्षाको किसिम र मिति : लिखित वा अन्तर्वाता वा दुवै, परीक्षा मिति पछि प्रकाशन गरिनेछ ।
४.तलब तथा सुविधाः सम्झौतामा उल्लेख भए बमोजिम सेवा सुविधा उपलब्ध हुनेछ ।
५.पाठ्यक्रमः कोशी प्रदेश लोक सेवा आयोग विराटनगरले वेभसाइटमा नराखेको पाठ्यक्रमको हकमा संघीय लोकसेवा आयोगको वेभसाइटमा रहेको पाठ्यक्रम बमोजिम हुनेछ ।

ति प्रमुख मेडिकल सुपरिटेण्डेन्ट

प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रादेशिक अस्पताल भद्रपुर

कोशी प्रदेश

भद्रपुर, झापा (नेपाल)

☎: ०२३- ५२३०२४

प्रदेश सरकार स्वास्थ्य मन्त्रालय कोशी प्रदेश प्रादेशिक अस्पताल भद्रपुर झापा, नेपाल

६.दरखास्त साथ पेश गर्नु पर्ने कागजातः

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ थान ख) न्युनतम शैक्षिक योग्यताको प्रतिलिपि- १/१ थान

ग) अनुभव भए नियुक्ति पत्रको प्रतिलिपि- १ थान घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो-३ थान

ङ) दस्तुर बुझाएको बैंक भौचरको सक्कल प्रति-१ थान च) सम्बन्धित काउन्सिलमा नाम दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि-१ थान

पेश गरिने कागजात उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्नेछ ।

७.दस्तुर बुझाउने स्थानः राष्ट्रिय वाणीज्य बैंकको खाता नम्बर-१०००१००२०००१०००, कार्यालयको नाम-प्रादेशिक अस्पताल भद्रपुर, राजश्व शिर्षक नं-१४२२९ (अन्य प्रशासनिक दस्तुर), कार्यालय कोड : ३७००२१२०११

८.दरखास्त बुझाउने स्थानः प्रादेशिक अस्पताल भद्रपुरको प्रशासन शाखामा बुझाउने हकमा कार्यालय समय भित्र आवेदन पेश गर्न सकिनेछ र अनलाइन आवेदन दिनेको हकमा Google form मार्फत वा कार्यालयको vacancyprovinceh2083@gmail.com इमेलमा एउटै **PDF File** बनाई आवेदन गर्न सकिनेछ ।एउटै **PDF File** बनाई इमेल नगरेमा आवेदन स्वीकृत गरिने छैन् ।

९.कार्यालयले तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको, अदालतबाट कसुरदार नठहरिएको र प्रचलित कानूनले अयोग्य नठहराएको वा अन्य कुनै प्रकारले योग्य नभएको उम्मेदवारको दरखास्त स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन् । तोकिएको न्यूनतम शैक्षिक योग्यता नपुगी दस्तुर बुझाएमा दस्तुर फिर्ता नहुने भएकाले कागजात पुगे नपुगेको यकिन गरि आवेदन पेश गर्नु हुन अनुरोध छ ।

१०. बिदेशी शैक्षिक योग्यता प्रमाण पत्रको हकमा समकक्षताको प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

११. स्थानियतालाई प्राथमिकता दिइने हुदाँ स्थानियता प्रमाणित हुने कागजात समेत पेश गर्नु पर्नेछ तथा लक्षित समुदायले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणित सिफारिस पेश गर्नु पर्नेछ ।

१२.आवश्यक परेमा संक्षिप्त सुची प्रकाशन गरि छनौट भएका उम्मेदवारहरुलाई मात्र परीक्षामा सहभागी गराइनेछ ।स्टाफ नर्स पदको अन्तिम नतिजामा वरियताक्रमको माथिल्लो उम्मेदवारलाई कार्यक्रम करार तर्फ नियुक्ति दिइनेछ ।

१३. दरखास्त बुझाउने अन्तिम मिति सार्वजनिक विदा भएमा कार्यालय खुलेको दिन दरखास्त दिन सकिनेछ ।

थप जानकारीको लागी यस अस्पतालको वेभसाइट(https://provincehospital.koshi.gov.np), सूचना पाटीमा हेर्नु वा कार्यालय समयमा प्रशासन शाखा (०२३-५२३०२४) मा सम्पर्क गर्न सक्नु हुनेछ ।

बोधार्थः

श्री सुचना प्रविधि शाखा- website मा सूचना Upload गरि दिनु हुन ।

Google form Link: https://forms.gle/Pob6MbNdANFoA79cA

ति प्रमुख मेडिकल सुपरिटेण्डेन्ट